मंगला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं. :- २०७६/०७७ मिति :२०७७/०३/१९

च.नं. :-१६०४

श्री वडा कार्यालय सबै

**बिषयः** निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

प्रस्तुत बिषयका सम्बन्धमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको मिति २०७७।०३।१८ गतेको पत्र संख्या ०७६।०७७ चलानी नं. १७६५ अनुसार नेपालको संविधान बमोजिम अर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएकोमा उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकार सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था भएको हुँदा विदेशी सरकारबाट नियमित रुपले निवृत्तिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनि मन्त्रिस्तरबाट २०७७।०३।१७ गते निर्णय भएको हुँदा सोही बमोजिम कार्यान्वयन गर्नुहुन आदेश अनुसार अनुरोध छ।

.......................................

कृष्ण प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत